म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २०३ २०८० असार ३ गते आइतबार 18 June 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-




# बागमतीले प्रदेशले ल्यायो ६२ अर्ब ७० करोड रुपैयाँको बजेट

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रूपैयाँको बजेट ल्याएको छ । शुक्रबार बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री बहादुर सिं लामाले प्रदेश सभामा चालु तर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार रुपैयाँ र पूँजीगत तर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गर्नुभएको हो ।

बजेट प्रस्तुत गर्नुहुँदै मन्त्री लामाले बजेटका उद्देश्य प्रदेशको सवलीकरण र संस्थागत सुदृढीकरण तथा सुशासन प्रवर्द्धन गर्ने, कृषि क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना र गरिबी निवारण गर्ने र सरकारी खर्चमा मितव्ययिता अपनाउने रहेको बताउनुभयो। मन्त्री लामाले प्रदेशको आर्थिक अवस्था र सार्वजनिक वित्तमा रहेका चुनौती र अवसर प्रस्तुत गर्नुभयो । चालु आर्थिक वर्ष प्रदेशको कुल गाह्रस्थ उत्पादनमा उच्च योगदान गर्ने क्षेत्रहरूको वृद्धिदर नकारात्मक हुन पुगेको कारण प्रदेशको आर्थिक वृद्धिदर न्यून हुन गएको उहाँले उल्लेख गर्नुभयो । पुँजीगत खर्चमा प्रगति न्यून हुने, चालु खर्च वृद्धिदर अपेक्षाकृत उच्च हुने, टुक्रे प्रकृतिका कार्यक्रमहरूको संख्या अधिक हुने, सामाजिक आर्थिक रूपमा प्रतिफल न्यून हुने खालका कार्यक्रम र आयोजनामा रकम अत्याधिक विनियोजन हुने, तोकिएको समयभित्र आयोजनाहरू सम्पन्न हुन नसक्ने जस्ता प्रवृत्तिको विद्यमान रहेको छ उहाँले उल्लेख गर्नुभएको छ । सार्वजनिक वित्त सन्तुलन र विनियोजन कुशलता सुनिश्चित गर्नु अपरिहार्य भएको उहाँले उल्लेख गर्नुभयो ।

प्रदेशभित्र सम्भाव्य स्थानमा कृषि उत्पादन वृद्धि गर्न वडास्तरीय सामूहिक कृषि उत्पादन केन्द्र स्थापना गरी खास क्षेत्र खास उत्पादन कार्यक्रम सञ्चालन गरिने भएको छ । कार्यक्रमका लागि १४ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । यस्तै किस्ताबन्दीमा निर्व्याजी बीउपुँजी प्रदान गर्ने कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न १३ करोड ५६ लाख विनियोजन गरेको गरेको छ । एक प्रदेश निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना स्थापनाका लागि ५ करोड रुपैयाँ विनियोजन गरेको छ ।



*बजेट सार्वजनिक गर्नुअघि मन्त्रिपरिषद्को बैठकपछि सामूहिक तस्वीर खिचाउँदै ।*

प्रदेश भित्रका विपन्न नागरिकलाई क्यान्सर, हृदयघात, मस्तिष्कघात, पाठेघरको रुग्णता तथा अबस्ट्रेटिक फिष्टुला उपचारमा प्रदान हुँदै आएको आर्थिक सहायतालाई निरन्तरता दिएको छ । मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रमका लागि ६ करोड रुपैयाँ विनियोजन गरेको छ। प्रदेशस्तरमा शिक्षालाई थप व्यवस्थित र योजनाबद्धरुपमा सञ्चालन गर्न प्रादेशिक शिक्षा नीति तथा एकीकृत बालविकास र शिक्षा सम्बन्धी रणनीति तर्जुमा गरी कार्यान्वयन गरिने भएको छ । स्थानीय तहमा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्न ८ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यार्थी केन्द्रित व्यवस्थापन र विद्यार्थी उपलब्धी सुधार कार्यक्रमलाई निरन्तरताका लागि ११ करोड विनियोजन गरेको छ । माध्यमिक तहमा शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयहरूलाई प्रदान गर्ने अनुदानलाई निरन्तरता दिन १५ करोड ३३ लाख रुपैयाँ विनियोजन गरेको छ । यस्तै सामुदायिक विद्यालयको भवन निर्माण, घेराबार, शौचालय र शुद्ध खानेपानी व्यवस्थापन लगायतका भौतिक पूर्वाधार निर्माणका लागि ६१ करोड विनियोजन भएको छ। यस्तै, अल्पसंख्यक, लोपोन्मुख, अति सिमान्तकृत, दलित र आर्थिक रुपमा पिछडिएको समुदायका छात्रछात्राको शिक्षामा पहुँच अभिवृद्धिका लागि आवासीय विद्यालय सञ्चालन गर्नका लागि ३ करोड रुपैयाँ बजेट विनियोजन भएको छ ।

सडक, भवन र शहरी पूर्वाधारमा एकीकृत विकास गुरुयोजना तर्जुमा गरी प्रदेशका शहरी तथा ग्रामीण वस्तीहरूलाई व्यवस्थित, सुन्दर र पर्यावरणमैत्री वस्तीको रूपमा विकास गर्दै लगिने भएको छ । स्थानीय तहबाट निर्माण गरिने झोलुङ्गे पुलमा १० करोड विनियोजन गरेको छ । सडक तथा सड़क संरचनाहरुको आयु बढाउन “नियमित मर्मत सम्भारः दिगो सडकको आधार” को नारा अनुरुप प्रादेशिक सडकहरुको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भारको लागि ३५ करोड १५ लाख रुपैयाँ विनियोजन गरेको छ ।

आगामी आर्थिक वर्षमा प्रदेश राजधानी हेटौंडाको कर्रा नदीमा करिडोर, काठमाडौं उपत्यकाका खस्याङ्गखुस्रुङ्ग खोला, महादेव खोला र हनुमन्ते खोला करिडोर निर्माण कार्य प्रारम्भ गर्न १५ करोड विनियोजन गरेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि २१ अर्ब ६६ करोड विनियोजन भएको छ । यस्तै प्रदेशभित्रका रंगशाला, कभर्डहल र खेलकुद पूर्वाधार निर्माणका लागि ३६ करोड १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । यस्तै प्रदेशभित्रका सञ्चारकर्मीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक व्यवस्था मिलाउने भएको छ । प्रदेशभित्रको महत्वपुर्ण सूचना संकलन र नियमित प्रदेशवासीलाई सुचीकृत गराउने प्रदेश सुचना बैंक स्थापनाका लागि १ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । यस्तै प्रदेशभित्रका प्रहरी भवन निर्माण गर्न ३० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्न दुई अर्ब ४३ करोड विनियोजन गरेको छ । प्रदेशले आगामी आर्थिक वर्ष नेपाल सरकार र स्थानीय तहको समन्वय र सहकार्य तथा प्रदेश सभाका सदस्यहरू, प्रमुख राजनीतिक दल, निजी क्षेत्र, सहकारी र विषय विज्ञहरू समेतको सहभागितामा प्रदेशको दोस्रो आवधिक योजना तर्जुमा गरिने अर्थमन्त्रीले लामाले बताउनुभयो ।

## हेटौँडा उपमहानगरको नीति तथा कार्यक्रम र २ अर्ब ६० करोड बजेट प्रस्तुत

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम र बजेटको समीक्षा गर्दै आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेको छ। नगर उपप्रमुख राजेश बानियाँले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुभएको हो। उपप्रमुख बानियाँले हेटौँडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि २ अर्ब ६० करोड ६५ लाख ४० हजार ८ सय रुपैयाँ बजेट प्रस्तुत गर्नुभएको छ ।

उपमहानगरले आन्तरिक श्रोतबाट ८३ करोड ६६ लाख ६२ हजार ७० रुपैयाँ, राजश्व बाँडफाँडबाट ५९ करोड १४ लाख १० हजार ७ सय ३० रुपैयाँ, प्रदेश सरकारबाट ३ करोड ३४ लाख ६८ हजार रुपैयाँ र संघीय सरकारको अनुदानबाट १ अर्ब १४ करोड ५० लाख रुपैयाँ व्यहोरिने नगर उपप्रमुख राजेश बानियाँले प्रस्तुत गर्नुभएको नीति, कार्यक्रम तथा बजेटमा उल्लेख गरिएको छ । उपमहानगरले पूर्वाधार विकासतर्फ १ अर्ब रुपैयाँ, आर्थिक विकासतर्फ ११ करोड ७६ लाख, सामाजिक विकासतर्फ ९२ करोड ९२ लाख रुपैयाँ, वातावरण तथा विपद् व्यवस्थापनतर्फ ७ करोड १५ लाख रुपैयाँ, संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ ४ करोड २२ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

नगर सभामा उपप्रमुख राजेश बानियाँले प्रारम्भिक बालविकास कक्षाका शिक्षकलाई मासिक ३ हजार रुपैयाँ तलब वृद्धि गर्ने प्रस्ताव गर्नुभएको छ । उपमहानगरले खानेपानीमा न्यूनतम महसुल छुट गर्ने निर्णयको पुनरावलोकन गर्ने जनाएको छ । नगरलाई बालविवाहमुक्त क्षेत्र बनाउने योजना पनि उपमहानगरले बनाएको छ । मकवानपुरगढी गाउँपालिकासँगको सहकार्यमा मकवानपुरगढी दरबारमा पृथ्वी नारायण शाहको शालिक स्थापना गर्ने प्रस्ताव पनि उपमहानगरपालिकाले गरेको छ ।

हेटौँडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौँडा, मकवानपुर
बागमती प्रदेश

**नदीजन्य पदार्थ उत्खनन तथा संकलनमा रोक लगाएको सम्बन्धी सूचना**

हेटौँडा उपमहानगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम हेटौँडा उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न खोला तथा खहरेहरुबाट मिति २०८० साल असार १ गते देखि २०८० साल भाद्र मसान्त सम्म तीन महिना नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन गर्न निषेध गरेको हुंदा निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन नगर्नु हुन यो सूचना जारी गरिएको छ। निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेमा पसी नदीजन्य पदार्थ उत्खनन, संकलन तथा ढुवानी कार्यमा संलग्न सवारी साधनहरुलाई प्रचलित नियमानुसार कारवाही गरि नदीजन्य पदार्थ जफत समेत गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

राजश्व प्रशासन शाखा
हेटौँडा उपमहानगरपालिका

## मकवानपुरमा प्रजिअ फेरिए, सूर्य सेढाईँ नयाँ प्रजिअ

समाज संवाददाता

हेटौँडाः मकवानपुरको प्रमुख जिल्ला अधिकारी फेरिने भएको छ । गृह मन्त्रालयले मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेलाई सिराहाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिएर सरुवा गर्ने निर्णय गरेको छ भने मकवानपुरको प्रमुख जिल्ला अधिकारीमा सूर्य सेढाईँलाई जिम्मेवारी दिने निर्णय गरेको छ ।

सेढाईँ खोटाङको प्रमुख जिल्ला अधिकारीबाट मकवानपुरको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीसहित सरुवा भएको हो । अवधि पुगेका र सुगम तथा दुर्गम मिलाएर प्रमुख जिल्ला अधिकारीहरुको सरुवा र पदस्थापन गरिएको बताइएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौ र सुनाऔं

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

**खुल्ला फिचर समाचार लेखन प्रतियोगिता**

हेटौंडा उपमहानगरपालिकाको सहयोग तथा नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको आयोजनामा हुने **खुल्ला फिचर समाचार लेखन प्रतियोगिता**मा भाग लिने सुवर्ण अवसर ! ! !

**पुरस्कारः**
- सर्वोत्कृष्ट १/१ जना महिला/पुरुषलाई जनही १५ हजार नगद
- उत्कृष्ट १० जनालाई जनही १० हजार नगद

**फिचर पठाइसक्नुपर्ने अन्तिम दिनः**
१० असार २०८०, साँझ ५:०० बजेसम्म
फिचर समाचार makwanpurfnj@gmail.com मा पठाउनुपर्नेछ।

हेटौँडा उपमहानगरपालिकाभित्रको शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, पर्यटन लगायत विकासका क्षेत्रमा भएका कामलाई १ हजार शब्दमा नघटाई, १५ सय शब्दमा नबढाई फिचर समाचार लेख्नुपर्नेछ ।

**थप जानकारीका लागिः-**
उपाध्यक्षः ध्रुव अधिकारी (९८५५०३७२३४)
सह-सचिवः एम.पी. शर्मा (९८५५०११३८०)

नेपाल पत्रकार महासंघ, मकवानपुर



## सम्पादकीय

# असारे विकास नदोहोरियोस्

नेपालमा साउनबाट नयाँ आर्थिक वर्ष सुरु हुन्छ । चालु आर्थिक वर्ष समाप्त हुन करिब एक महिना बाँकी छ । आर्थिक वर्षको अन्तिम महिनाको रुपमा असारमा जहिले पनि सरकारी कार्यालयमा विभिन्न कार्यक्रम तथा योजनाको खर्च फरफारक गर्ने चाप बढी नै हुन्छ । यही चापका कारण तीनै तहको सरकारका विभिन्न कार्यालयले आर्थिक वर्षको अन्तिम एक महिनामा करिब आधाजसो पुँजीगत (विकास) खर्च भुक्तानी गर्ने गरेको पाइन्छ । आर्थिक वर्ष सुरु भएको एघार महिनाभित्र नभएका काम असार एक महिनामा हुने गर्दछ । यसले असारमा जथाभावी काम गर्ने परिपाटीलाई मलजल गरिरहेको छ । असार महिनामा बजेट सक्नकै लागि हतार-हतारमा योजनाहरु सम्पन्न गर्ने परिपाटीलाई 'असारे विकास' भन्ने गरिएको छ । आर्थिक वर्षको अन्त्यमा हतार-हतार रकम भुक्तानी गर्दा ठूलो अनियमितता हुने गरेको पाइन्छ । आर्थिक वर्षको अन्त्यतिर खर्च रकम भुक्तानीको चाप हुनु स्वभाविक भए पनि वर्षभरी काम नगरी बस्ने र आर्थिक वर्षको अन्त्यतिर काम गरेको जस्तो गरेर, कागजी प्रक्रिया पूरा गरेर भुक्तानी दिने-लिने परिपाटीलाई भने स्वभाविक मान्न सकिँदैन ।

असार महिनामा मुलुकभर वर्षा सुरु भइसक्छ । असारको सुरुवातबाटै मुलुकमा मनसुन सक्रिय हुने भएकाले पानी पर्न थाल्छ । पानी परेको बेलामा हुने विकास निर्माणका काम प्रभावकारी हुँदैनन् । वर्षाको पानीसँगै सम्पन्न गरिएका काम पनि बगेर जान्छन् । असारमा सबैतिर विकास निर्माणका कामको चापाचाप हुने र आ-आफ्ना कार्यालयको कार्यक्रम र बजेटको 'क्लोजिङ' गर्नुपर्ने भएकाले विकास निर्माणका आयोजना र अन्य कार्यक्रमको अनुगमन गर्न भ्याइँदैन । काम गर्ने जिम्मा लिने कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति वा संघसंस्थाले हतारमा गर्ने कामको प्रतिफल शून्यप्राय: हुन्छ । निर्धारित समयमा बजेट पेश र पारित गरिन्छ । आर्थिक वर्ष सुरु नहुँदै नयाँ आर्थिक वर्षका लागि पारित भएको बजेट समयमै परिचालन गर्न सरकारी कार्यालयलाई के ले रोक्छ ? साउनबाट आर्थिक वर्ष सुरु हुने भएपछि ढिलामा भदौ-असोजसम्म सबै आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि प्रक्रिया अघि बढाउन किन सकिँदैन ? गम्भीर हुनुपर्ने देखिन्छ ।

समयमै काम सुरु नहुँदा विकास बजेट 'फ्रिज' हुने गरेको छ । सरकारी कार्यालयले समयमै काम गर्ने सम्झौता गरे पनि काम गर्ने ठेकेदार, उपभोक्ता समिति वा अन्य निकाय पनि प्राय: काम गर्न असारै कुर्ने अवस्थाको अन्त्य आवश्यक छ । कामजति आर्थिक वर्षको अन्त्यतिर अर्थात् असारलागेपछि सुरु गर्ने गलत परिपाटीले 'सरकारी लगानी, बालुवामा पानी' भइरहेको छ । वर्षा लागेपछि हुने विकास निर्माणका काम कसरी दिगो होला ? यसले काम दिगो नहुनेमात्र नभई बजेटको दुरुपयोग हुने र हरेक वर्ष एउटै योजनामा बजेट विनियोजन गर्नुपर्ने समस्या निम्त्याउँछ । कुनै पनि काम तोकिएकोमा समयमा नहुने र समय बित्न लागिसकेपछि हतारहतार गर्ने परम्पराले बजेट सक्ने काममात्र हुने अवस्थाले यस वर्ष पनि निरन्तरता पाइरहेको छ ।

आर्थिक वर्षको अन्त्यमा बजेट सक्नैपर्ने बाध्यताले असारे विकासले प्रश्रय पाइरहेको छ । आर्थिक वर्षको अन्त्यतिर बजेट सक्ने मेलोमेसोमा हतार हतार काम गर्नैपर्छ । यसो गर्दा कुनै पनि योजना दिगो र प्रभावकारी बन्न सक्दैन । जुन काम जतिबेला गर्नुपर्ने हो त्यसबेला गरिएन भने त्यसको अर्थ पनि हुँदैन । तर, हामीकहाँ प्राय: सबै काम आर्थिक वर्षको अन्त्यतिर हतारमै गरिन्छ । यो विकासको उल्टो मोडेल हो । सडक, पुल, नाला, कुलो, तटबन्धजस्ता पूर्वाधारका काम असारमा गर्नु भनेको बजेट सक्नुमात्र हो । संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारका काममा असार विकासको रोग दोहोरिनुहुन्न । यसका लागि सरकारी नीति र कर्मचारीको मानसिकता तथा काम गर्ने जिम्मेवारी पाएका मानिसको प्रवृत्तिमा परिवर्तन आवश्यक छ । असारे विकासको गलत परिपाटीको अन्त्यबाटै दिगो र प्रभावकारी विकास हुन सक्ने भएकाले असारे विकासलाई प्रश्रय दिने सरकारी अधिकारी र जिम्मेवार व्यक्तिलाई कारवाही गर्ने नीति बन्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : चल–अचल धन सम्पत्ति संग्रह योग रहेको छ ।
**वृष** : कमी– कमजोरी हटाइने समय योग रहेको छ ।
**मिथुन** : परिबन्ध र बाध्यताका काममा सरिक भइएला ।
**कर्कट** : जग्गा जमिन र शेयर कारोबारमा लगानी बढ्ला ।
**सिंह** : अभिभावक र कार्यक्षेत्रमा सरिक र सम्बन्ध राम्रो ।
**कन्या** : मान्यजनको आर्शिवाद प्राप्त हुने समय योग छ ।
**तुला** : मनमा चिन्ता र शङ्का बढ्ने समय योग छ ।
**वृश्चिक** : बाधाहरु हट्दै जाने समय योग रहेको छ ।
**धनु** : ठूलाबडाको आर्शिवादले काममा पूर्णता प्राप्त ।
**मकर** : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ ।
**कुम्भ** : शरीर स्वस्थ रहेपनि चिन्ता बढ्ने समय छ ।
**मीन** : पराक्रम र प्रसिद्धिमा वृद्धि हुने समय योग छ ।

# अमेरिका हैन आ मरिखा भन्नुस्



सागर खतिवडा सायल

*यदि सीप छैन भने यहाँ अवसर छैन । दिनहुँ निद्रा मारेर दिनहुँ घण्टा हान्नुपर्ने हुन्छ । नेपालमा बसेर खाएको याद आइहाल्छ । नेपालमै राम्रो सरकारी जागिर हुने, आफैं मालिक भएर गर्ने बिजनेस छ अनि राम्रो आम्दानी हुन्छ भने यहाँ आएर अरुको अधिनमा बसेर घण्टे काम गर्दा नरमाइलो लाग्न सक्छ । नेपालमै राम्रो अवसर र राम्रो जागिर भएकाहरु यहाँ आएर घण्टे जागिर गरेर रोएको घटनाहरु पनि सुनेको, देखेको छु ।*
*बेकारमा आएछु जस्तो लाग्नेहरु पनि छन् यहाँ ।*

पढेर लेखकलाई किन अमेरिका मन परेन ? मन नपरे नेपाल आए भैगोनि भन्ने खुल्दुली पक्कै लाग्यो होला । वास्तवमा अमेरिकाको दलदल हो यहाँ आएपछि न त फर्किन सकिन्छ, न त नेपालको राजनीतिक अस्थिरता र न्यायिक स्थितिको बारेमा नबोली टुलुटुलु हेरेर बस्न सकिन्छ । अमेरिकामा बसेर यहाँका वास्तविक अवस्थाको चित्रण गर्ने गरेको छु । यहाँ रुमलिएको जीवनशैली, अथाह अवसर, दु:ख, केही आफ्नो भोगाइ र केही अरुको कथा जस्ताको त्यस्तैसंग पढाउन त यहाँको अवस्था बुझ्नुभन्दा पहिले नेपालबाट देखिने स्वर्गजस्तो अमेरिकाको वणन गर्न मन लाग्यो ।

**नेपालबाट देखिने सुनौलो अमेरिका**

ओ हो ? डीभी परेपछि त अमेरिकाले खान-बस्न दिनुका साथै घर, गाडी, काम आदि इत्यादि संसारमा भएका सबै सुख सुविधा दिन्छन् । बाफ रे बाफ, जिन्दगीमा सुती-सुती खान मिल्ने भनेको र सोचेको सपना पूरा हुने अमेरिकाबाहेक अरु कुन ठाउँ छ र ? सोच्दा पनि कति आनन्द आउने । हो ठ्याक्कै नेपालमा बसेर यस्तै सोच्नुभएको छ भने सोच्न बन्द गर्नुहोस् । त्यस्तो भ्रमबाट मुक्ति मिल्छ अझ नेपालबाट कस्तो अमेरिका देखिन्छ भने त्यहाँबाट ठूलाठूला गगन चुम्ने भवन, लोभैलाग्दा फराकिलो सडक, समुद्रको छाल र त्यहाँको चमत्कारी विकास । तर, यहाँ बाहिरबाट देखिने शहर र शहरभित्र बस्ने मानिसको कथाचाहिँ नेपालबाट विरलै देखिन्छ । प्राय: कथा सुनिदिने हुनुभयो भने नेपाल बसेर यस्ता वाहियात कुराको विश्वास लाग्दैन । नमरी स्वर्ग देखिँदैन भन्छन् नि, त्यस्तै अमेरिका नआई त्यहाँभित्रका दु:खका कुराहरू देखिँदैन । कसैले भनिहाल्यो भने पनि विश्वास गर्न गाह्रो हुन्छ, नेपालमा ।

**त्यसो भए कस्तो छ अमेरिका ?**

संघर्ष छ, दु:ख छ । सुख पनि छ, भोक निद्रा मार्दै झिलिमिली शहरका भिडहरुमा हराउने, रमाउने दुबै छन् । अमेरिकाले त्यति नै दिन्छ, जति आफूले गर्न सकिन्छ । यहाँ जति घण्टा काम गर्न सक्नुहुन्छ, त्यति नै प्रशस्त पैसा कमाउन सकिन्छ । तर कतिञ्जेल घण्टाको भरमा काम गर्ने ? त्यसको ठेगान छैन । घरको भाडा, गाडी, इन्सुरेन्स, बत्ती, पानी, कलेजको फी र खानेकुरा आदि इत्यादि बिल तिर्नका लागि काममा जोतिनैपर्ने हुन्छ । काम गरेर वाक्क दिक्क सबै लाग्छ, तर पनि काम नगरी ढुक्कले बस्न सकिन्न । गर्नका लागि अनगिन्ती अवसर हरु छन् । त्यसैले संघर्ष गर्छु नै भनेर आउनेहरुको एकदम राम्रो छ यहाँ ।

**अवसरको खानी हो अमेरिका ?**

तपाईंसँग कम्प्युटर, नर्सिङ, इन्जिनियरिङ, ब्युटीपार्लर आदि विषयको ज्ञान, सीप छ भने राम्रो दाम कमाउन सकिन्छ । थुप्रै नेपालीहरुले ग्यास स्टेशन, ग्रोसरी पसल, पार्लर, होटेल र मोटल खोलेर उदाहरणीय काम पनि गरेका छन् । बिजनेस गर्न सजिलो छ र नेपालीहरूको यसप्रतिको आकर्षण बढ्दो छ । अरूको काम गर्नुभन्दा आफ्नै बिजनेस गर्नेहरु चाँडो उँभो लाग्ने ठाउँ हो यो । बिजनेस गरेर धेरैले सफलता पाएका पनि छन् । बेलाबेलामा हिंसात्मक घटना भएको सुनिए पनि यहाँको सुरक्षा व्यवस्था एकदमै राम्रो छ । कसैसँग झगडा परे मुखले जे पनि भन्न पाउनुहुन्छ, तर कसैलाई हात लगाउन भने पाउनुहुन्न ।

कस्तो मान्छे आउने अमेरिका ?

विद्यार्थी भिसामा आउनेहरूको लागि एकदमै कठिन छ यहाँ । कलेजमा काम मिल्यो भने घण्टा काम गर्न पाइन्छ, तर कलेजभन्दा बाहिरका काम गरेको थाहा पाएमा देश निकालामा पर्न सक्नुहुन्छ । पढाई सकेर सीप हासिल गरेपछि भने राम्रै जीवन जिउन सकिन्छ । डीभी परेको छ भने तपाईंसँग आइटी, कम्प्युटर, नर्सिङको सीप छ भने यहाँ बस्नुको मज्जा नै बेग्लै छ । यदि सीप छैन भने यहाँ अवसर छैन । दिनहुँ निद्रा मारेर दिनहुँ घण्टा हान्नुपर्ने हुन्छ । नेपालमा बसेर खाएको याद आइहाल्छ । नेपालमै राम्रो सरकारी जागिर हुने, आफैं मालिक भएर गर्ने बिजनेस छ अनि राम्रो आम्दानी हुन्छ भने यहाँ आएर अरुको अधिनमा बसेर घण्टे काम गर्दा नरमाइलो लाग्न सक्छ । नेपालमै राम्रो अवसर र राम्रो जागिर भएकाहरु यहाँ आएर घण्टे जागिर गरेर रोएको घटनाहरु पनि सुनेको, देखेको छु । बेकारमा आएछु जस्तो लाग्नेहरु पनि छन् यहाँ । यहाँ कसैले कसैलाई पनि चिन्दैन । को धनी, को गरिब फरक छुट्याउन सकिन्न । नेपालमा गन्यमान्य, हुनेखाने राम्रो पेसा भएको व्यक्ति नआउँदै उचित ठान्छु म ।

राम्रो पेसा हुँदाहुँदै डीभी परिहाल्यो, एकपटक गएर आउँछु, चित्त नबुझे फर्कौंला भनेर आउनुभयो भनेचाहिँ तपाई फर्कन सक्नुहुन्न । किनकि अमेरिका दलदल हो । यहाँ फसेपछि निस्कन त्यति सजिलोचाहिँ छैन । फर्किहाल्ने सोच बनाउनुभयो भने पनि के भनेर फर्कने ? नेपालमा बस्नेहरुलाई यो प्रश्नको जवाफ पनि त दिनुपर्‍यो नि । दु:ख गर्न सकिन भनेर फर्कने ? छिमेकी, आफन्तले के भन्लान् फेरि ? यो प्रश्नहरुको उत्तर पनि त तयार पार्नुपर्‍यो । यत्रा नेपालीहरु अट्ने ठाउँमा म किन अटिन भन्ने प्रश्नले बारम्बार सताइरहन्छ । फेरि केही नगरी फर्केर आयो भन्नेहरुको जमात छुट्टै छ, नेपालमा । त्यसैले त अमेरिका एक दलदल हो । मैले देखेको वास्तविकता यही हो । यो वास्तविकता मान्छेहरु खुलेर भन्न सक्दैनन्, लाज मान्छन् । त्यसैले नेपालमा तपाईंको पद, पहिचान र पेसा के हो ? सोचेर बुझेरमात्र आउनुहोला ।

**के अझै आउन मन छ अमेरिका ?**

सात वर्षको अन्तरालमा मैले देखेको अमेरिका यहि हो । यहाँ आउने रहर कसको हुँदैन र ? दु:ख र संघर्ष संसारको कुन ठाउँमा छैन र ? आखिर नेपालमा पनि गर्नका लागि के नै छ र ? राजनीतिक अस्थिरताले पिरोलिरहेको देशका जनतालाई अमेरिकाले स्थान दिनु खुशीको कुरा हुनसक्छ । वर्षेनि हजारौं दक्ष जनशक्ति बाहिरिने हो भने देशले कहिले विकास गर्ला त ?

बस यति नै भन्न चाहन्छु, अमेरिकामा धेरै ठूलो अपेक्षा राखेर नआउनु होला । अपेक्षा पूरा नहुँदा मन भारी भएर दु:ख कहाँ पोखौंजस्तो हुन्छ । जे भएपनि अवसर, सेवासुविधाले भरिएको देशमा तपाईले कहिल्यै नसकिने ज्ञान सिक्न सक्नुहुन्छ । अमेरिकाले आत्मनिर्भर बनाउन सिकाएर जिन्दगीमा ठूलो गुण लगाएको छ । मान्छे अमेरिका आओस् कि कतार जाओस्, देशको माया बराबरी हुन्न र ? माया पनि देशअनुसार फरक हुन्छ र ? कसले जोख्यो ? अमेरिका बस्ने नेपालीलाई पनि देशको माया उत्ति नै लाग्छ । राजनीतिक अवस्था सुध्रिए देशको अवस्था फेरिन्छ भन्नेहरु पनि धेरै छन् यहाँ । यति धेरै अनुभवहरु पढेपछि म पनि अमेरिकामा अटाउन सक्छु है भन्ने साहसचाहिँ लिएर आउनु । मैले लेखेका देखेका अनुभवहरूको कतिलाई चित्त नबुझ्न सक्छ । पत्याउन पनि गाह्रो पर्ला । तर, मैले देखेको वास्तविक अमेरिका यही नै हो । लेख्ने कुराहरु धेरै छुटेका छन् । तपाई आउनुस्, अर्को भगमा मैले छुटाएका पक्षहरु सबैले लेखौंला । त्यति हो आएपछि आ मरिखाचाहिँ नहोस् । स्वागत छ अमेरिकामा तपाईंलाई ।

# शरीरलाई किन चाहिन्छ फाइबर ?



रेणु त्वानाबासु



सुनैना देवजु, पोषणविद्

स्वस्थ खानपानको कुरा आउनासाथ फाइबर छुट्दैन । फाइबरयुक्त खानेकुरा खानुपर्छ भन्ने धेरै सुनिन्छ । फाइबर एक प्रकारको कार्बोहाइड्रेट हो, जुन वनस्पतिजन्य खानेकुराबाट पाइन्छ । यो मुख्यतया फलफूल गेडागुडी, ड्राइ फुट्स तथा हरियो सागसब्जीमार्फत पाइन्छ ।

फाइबरले कसरी पेट सफा गर्छ ?

फाइबरलाई पेट सफा गर्ने ब्रस समेत भनिन्छ । यसले आन्द्रामा टाँसिएर बसेका खानेकुरालाई धक्का दिएर पेटलाई सफा गर्ने काम गर्छ । फाइबरले पाचन प्रक्रियामा सुधार ल्याई कब्जियत, पायल्स, पेटको समस्या वा मलद्वारको समस्या हुनबाट जोगाउँछ ।

फाइबर घुलनशील र अघुलनशील गरी दुई प्रकारको हुन्छ । घुलनशील फाइबर पानीमा घुल्छ, जुन पानीसँग मिसिएर हाम्रो पाचन प्रणालीमा जेलजस्तो पदार्थ बनाउँछ । यसले रगतमा कोलेस्टेरोल र ग्लुकोजको मात्रा कम गराउँछ । गेडागुडी, स्याउ, गाँजर, जौ लगायतमा पाइने घुलनशील फाइबरले तौल घटाउन पनि मद्दत गर्छ ।

त्यस्तै अघुलनशील फाइबर पानीमा घुल्दैन । पेट भर्न अर्थात् भोक शान्त गर्न भूमिका खेल्ने अघुलनशील फाइबरले दिसाको मात्रा बढाउँछ । जसकारण कब्जियत, पायल्सको समस्या हुन दिंदैन । अघुलनशील फाइबर गहुँको चोकर, नट र तरकारी इत्यादि पर्छन् ।

फाइबरले पेटमा राम्रो ब्याक्टेरियालाई उत्पादन गरेर खानालाई राम्रोसँग पचाउन मद्दत पुर्‍याउँछ ।

फाइबरको मुख्य स्रोत के के हुन् ?

तरकारी, फलफूल, ड्राइ फ्रुट, गेडागुडी, बोक्रासहितको फलफूल, सलाद, सम्पूर्ण अन्न, ओट्स, चियासिड र आलस फाइबरका राम्रा स्रोत हुन् । ब्रो काउली, गाँजर, हरियो सागसब्जी, काउली, च्याउ, कुरिलो, हरियो केराउ पनि फाइबरका राम्रा स्रोत हुन् ।

एभोकाडो, स्याउ, काफल, केरा, सुन्तलाजस्ता फलफूलमा प्रशस्त मात्रामा फाइबर पाइन्छ । बदाम, ओखर, पेस्टा, बाबरी, सौफ, राजमा, सोयाबिन, दालका विभिन्न परिकारमा पनि फाइबर पाइन्छ । मकै, गहुँ, जीरा, ज्वानो र खैरो चामलमा पनि अत्यधिक मात्रामा पाइन्छ । अन्य खानेकुरामा पनि धेरैथोरै फाइबरको मात्र हुने गर्छ ।

फाइबर किन पेट र पाचनका लागि महत्वपूर्ण छ ?

फाइबरको मुख्य काम पेटमा खाना पचाउन मद्दत पुर्‍याउनु हो । यसले कब्जियतको समस्याबाट टाढा राखेर कब्जियतको समस्या हटाउँछ ।

अन्य फाइदा

फाइबरले कोलेस्टेरोल, रक्तचाप र सुगरको समस्यामा प्रभावकारी काम गर्छ । फाइबरयुक्त खानेकुराले रक्तचापलाई नियन्त्रणमा राखी हृदयघात हुने जोखिम कम गराउँछ ।

फाइबर तौल घटाउन पनि प्रभावकारी हुन्छ । यसैकारण तौल घटाउनका लागि चिकित्सक र पोषणविद्हरुले रेसादार सागसब्जी र सलाद खान सल्लाह दिन्छन् । तपाईं आफ्नो खानामा फाइबरयुक्त फल र सागसब्जी समावेश गर्न सक्नुहुन्छ । यसले तौल घटाउन निकै मद्दत गर्नेछ ।

फाइबरले शरीरमा कोलेस्टेरोलको मात्रा नियन्त्रण गरी मुटुरोगबाट समेत बचाउँछ । यदि शरीरमा कोलेस्टेरोलको मात्रा बढी भएमा मुटुका लागि निकै खतरनाक हुन सक्छ ।

फाइबर नखाए के हुन्छ ?

फाइबर खाँदै नखाने भन्ने हुँदैन । हामीले दैनिक उपभोग गर्ने खानेकुरामा थोरै मात्रामा भए पनि फाइबर भएकै हुन्छ । यदि फाइबरयुक्त खाना कम खाएमा कब्जियत, मलद्वार र पेटको समस्या हुन्छ ।

फाइबर दैनिक कति खाने ?

फाइबर मानिसको उमेर र लिंगअनुसार खानुपर्छ । सामान्यतया ५० वर्षमुनिका महिलाले २५ ग्राम सेवन गर्नुपर्छ भने पुरुषले ३८ ग्राम । त्यस्तै ५१ वर्षमाथिका महिलाले दैनिक २१ ग्राम फाइबर सेवन गर्नु राम्रो हुन्छ भने ३० ग्राम खानुपर्छ ।

(पोषणविद् देवजुसँग अनलाइनखबरकर्मी रेणु त्वानाबासुले गरेको कुराकानीमा आधारित)

# राक्सिराङका ३० विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग



समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिकाका विद्यालयमा अध्ययनरत् ३० जना विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरिएको छ । अस्मिता नेपालले शुक्रबार बाल विवाह न्यूनीकरणलाई सहयोग पुग्ने उद्देश्यले वडा २, ३ र ५ नम्बर वडाभित्रका विद्यालयमा अध्ययनरत् विपन्न, जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरिएको अस्मिता नेपालकी कार्यक्रम संयोजक शान्ति कार्कीले जानकारी दिनुभयो ।

प्रतिविद्यार्थी ७ हजार रुपैयाँको दरले ब्याग, कलर, पोशाक, लुडो, कापी, कलमहरु आवश्यकताअनुसार सहयोग गरिएको अस्मिता नेपालकी अध्यक्ष आरती पाठकले जानकारी दिनुभयो ।

यस्तै संस्थाको कार्यक्रमलाई समन्वय गर्दै विद्यालयले समेत ती विद्यार्थीलाई छाता वितरण समेत गरिएको छ । विगत ४ वर्षदेखि अस्मिता नेपालले बालविवाह न्यूनीकरण परियोजनाअन्तर्गत विविध क्रियाकलाप गर्दै आएको छ ।

# औषधी व्यवसायी संघको खुद्रातर्फ अनिष, बजार अनुगमनमा संघर्ष संयोजक

समाज संवाददाता

हेटौँडाः मकवानपुर औषधी व्यवसायी संघले दुइवटा उपसमिति गठन गरेको छ । शुक्रबार बसेको बैठकले खुद्रातर्फ अनिष सुवेदी र बजार अनुगमनतर्फ संघर्ष गुरुङको संयोजकत्वमा उपसमिति गठन गरिएको अध्यक्ष नारायणलाल श्रेष्ठले जानकारी दिनुभयो । औषधी व्यवसाय र व्यवसायी दुवैलाई मर्यादित, जिम्मेवार र त्रुटीरहित बनाउन उपसमिति बनाएर आवश्यक सहजीकरण गर्ने प्रयास गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभएको छ ।

औषधीजस्तो संवेदनशील क्षेत्रमा बेला बेलामा उपभोक्ताको गुनासो आउने गरेकोले त्यस्तो गुनासो आगामी दिनमा नआओस् र व्यवसायी र व्यवसायप्रति नै जनविश्वास बढाउन संघले आवश्यक कार्य गर्न खोजेको उहाँको भनाइ छ । खुद्रा समितिमा सुशान्त लामा, बलराम साह, आशिष नेपाल, मिलन लामा, सञ्जीव आले मगर र हरि बहादुर लामा सदस्य रहनुभएको छ । बजार अनुगमन समितिमा नेहा ठाकुर, रन्जित कुमार ठाकुर, सविना विडारी, दिपेश कुमार श्रीवास्तव, भागवत तिमल्सिना सदस्य रहनुभएको छ ।

यस्तै डा. टिकाराम राईलाई पूर्वी क्षेत्र फापरबारीको संयोजक, रामु दराईलाई पश्चिम क्षेत्र मनहरीको संयोजक र श्याम थापालाई उत्तरीक्षेत्र पालुङको संयोजकको जिम्मेवारी दिइएको संघका अध्यक्ष नारायणलाल श्रेष्ठले जानकारी दिनुभयो ।

# बालबोध माविमा अभिभावक शिक्षा

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१७, हटियास्थित बालबोध माविमा अभिभावक शिक्षा कार्यक्रम भएको छ । शुक्रबार सेवानिवृत्त शिक्षक ऋषिराम पोखरेल र हेटौँडा क्याम्पसका उपप्राध्यापक अर्पण पराजुलीले अभिभावक शिक्षा कार्यक्रममा सहजीकरण गर्नुभएको थियो । राम्रो सिकाई उपलब्धी राम्रो प्राप्त गरेको आधारमा हेटौँडा उपमहानगरले २ लाख रुपैयाँ बराबर बजेट प्राप्त भएपछि विविध क्रियाकलाप गर्ने क्रममा अभिभावक शिक्षाको कार्यक्रम आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक रमेश रिजालले जानकारी दिनुभएको छ ।

उपमहानगरले उपलब्ध गराएको बजेटबाट विद्यालयले नजिकको विद्यालय लक्ष्मी आधारभूत विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सहयोग कार्यक्रम सञ्चालन गरेको जानकारी दिनुहुँदै प्रधानाध्यापक रिजालले भन्नुभयो, "हामीले विद्यालयको शैक्षिक सुधारकै लागि नयाँ योजना बनाउन, अनुभव आदानप्रदान गर्न व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीलाई एक दिनको भ्रमण कार्यक्रम पनि गरेका छौं ।" विद्यालयले विद्यार्थीलाई प्रोत्साहित गर्न हरेक महिना कक्षागत उत्कृष्ट विद्यार्थी छनोट गर्न सुरु गरेको पनि उहाँको भनाइ छ ।

अभिभावक शिक्षा कार्यक्रममा विद्यालयले कक्षा १ देखि ८ सम्मका छात्रा र दलित छात्रवृत्ति वितरण गरेको छ । १ सय ३३ जना विद्यार्थीलाई जनही ४ सय रुपैयाँका दरले छात्रवृत्ति वितरण गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदीप अर्यालको अध्यक्षता थता वडा अध्यक्ष उद्धव सत्यालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयलाई ७ वटा पंखा पनि सहयोग गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अधयक्ष प्रदीप अर्यालले तीन थान, सदस्य कृष्णदेव भण्डारीले एक थान, शिक्षक अभिभावक संघका अध्यक्ष गोविन्दप्रसाद अर्यालले २ थान र प्रधानाध्यापक रमेश रिजालले एक थान गरी कुल सात थान पंखा विद्यालयलाई सहयोग गरिएको छ ।


## श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि.

### हर्जाना ब्याज मिनाहा गरिने सम्बन्धी सूचना

यस संस्थाका ऋणि सदस्यहरुले २०८० अषाढ मसान्तसम्ममा ऋणको सम्पूर्ण ब्याज भुक्तानी गरेमा हर्जाना ब्याज (Penalty Interest) मिनाहा दिने निर्णय भएको हुनाले सम्पूर्ण ऋणि सदस्यहरुले आफ्नो सम्पूर्ण ब्याज भुक्तानी गरी हर्जाना ब्याज छुटको लाभ लिन हुन अनुरोध गर्दछौं ।

**सुशील चन्द्र शर्मा**
**व्यवस्थापक**
श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि.
हेटौँडा-४, अजरअमर रोड
नेफस्कून


# कानुन व्यवसायीको आचरण र ड्रेस कोडसम्बन्धी अन्तरक्रिया

समाज संवाददाता

हेटौँडाः कानुन व्यवसायीको पेसागत आचरण र ड्रेस कोडसम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम भएको छ । नेपाल कानुन व्यवसायी परिषद् कुपण्डोल, ललितपुरको आयोजना तथा उच्च अदालत बार एसोसिएसन मकवानपुर, हेटौँडा र मकवानपुर जिल्ला अदालत बार एसोसिएसनको सह-आयोजनामा शनिबार हेटौँडामा अन्तरक्रिया कार्यक्रम भएको हो ।

महान्यायाधीवक्ता एवम् नेपाल कानुन व्यवसायी परिषदका अध्यक्ष डा. दिनमणि पोखरेलको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा नेपाल बार एसोसिएसनका अध्यक्ष, नेपाल कानुन व्यवसायी परिषदका उपाध्यक्ष गोपालकृष्ण घिमिरे, नेपाल कानुन व्यवसायी परिषदका सदस्य डा. चन्द्रकान्त ज्ञवाली, बागमती प्रदेशका मुख्य न्यायाधीवक्ता ज्ञानेन्द्र नेपाल, सहन्यायाधीवक्ता ईश्वरीप्रसाद ढकाललगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेपाल कानुन व्यवसायी परिषदका सदस्य डा. ज्ञवालीले आचारसंहिताको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कानुन व्यवसायीको पेसागत आचरण र ड्रेस कोड विषयमा छलफल भएको थियो । छलफलमा कानुन व्यवसायीहरुले कानुन व्यवसायमा विकृति फैलिँदै गएको बताएका थिए ।

कानुन व्यवसाय पेसा राम्रो भएको तर काम गर्ने मानिस राम्रो नहुनाले व्यवसायमा असर पुग्ने, कानुन व्यवसायीले ड्रेस कुन लगाउने भन्ने विषय उठान गरिएका थिए । कर्यक्रममा एक व्यवसायीले कानुन व्यवसायीको पीडामा काउन्सिल जिम्मेवारी नभएको समेत आरोप लगाएका थिए । पछिल्लो समयमा लेखापढी गर्ने र कानुन व्यवसायीको पोशाक एउटै लगाउने गरेकाले फरक हुनुपर्ने र कानुन व्यावसायीको फी तोक्नुपर्ने बताएका थिए ।

अर्का एक व्यवसायीले फौजदारी मुद्दामा प्रहरीदेखि सरकारी वकिलसम्म सेटिङ हुने गरेको आरोप लगाउँदै त्यस्ता कामको नियन्त्रण गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा एक कोषको स्थापना गरी ५ लाखको बीमा गर्ने कार्यको थालनी हुने बताइएको छ ।

महान्यायाधीवक्ता पोखरेलले लेखापढी र कानुन व्यवसायीहरुको एउटै ड्रेस कोड नहुने स्पष्ट पार्नुभयो । फुलकोर्टले पारित गरेको कानुन सबैमा लाग्ने बताउँदै कोर्टमा अतिरञ्जित बहस हुने भएकाले त्यसो गर्न नहुने बताउनुभयो । कानुन व्यवसायीको बहस फी मुद्दाअनुसार हुने बताउँदै बहस फी व्यवसायी र क्लाइन्टको समन्वयमा हुने उहाँको भनाई थियो । बारले कानुन व्यवसायीको पद्धति सुधार गर्न आवश्यक महसुस गरी सुधार गर्न लागेकाले सबैको साथ आवश्यक हुने उहाँले बताउनुभयो ।

# हेटौँडामा रास्वपा संगठन विस्तार हुँदै

समाज संवाददाता

हेटौँडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले हेटौँडा उपमहानगरपालिकामा संगठन विस्तारलाई तिब्र बनाएको छ । शनिबार पार्टीको स्थापना दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रममा १९ र ३ नम्बर वडामा संगठन विस्तार गरिएको हो ।

उपमहानगरको ९, ४, १२, १३, १४, १५ र १६ नम्बर वडामा संगठन विस्तार हुन बाँकी रहेको नगर संयोजक ध्रुवबहादुर विष्टले बताउनुभयो । स्थानीय तहमा इन्द्रसरोवर गाउँपालिका, कैलाश गाउँपालिका र थाहा नगरपालिकामा संगठन विस्तार हुन बाँकी रहेको छ । थाहा नगरपालिकामा यही १६ गते पार्टीका केन्द्रीय सभापति रवि लामिछानेको आगमनमा संगठन विस्तार हुने उहाँले जानकारी दिनुभयो ।

१९ नम्बर वडामा अजित बैजुको संयोजकत्वमा ११ सदस्यीय कार्यसमिति चयन भएको छ । उपसभापतिमा शोभा बोगटी, सचिवमा सुरेन्द्र लामा चयन हुनुभएको छ । कार्यसमिति सदस्यमा लक्ष्मी थापा, चन्द्रबहादुर सिङ्तान, राधाकृष्ण जिम्बा, शुकबहादुर भोलन, पार्वती सुनार, समिर लामा, अभिषेक थिङ र कलम मियाँ चयन हुनुभएको छ । सल्लाहकारमा गोपाल चौलागाईं, सुमन पाखिन र सन्तोष अधिकारी चयन हुनुभएको छ ।

यस्तै, सरोज ढकालको संयोजकत्वमा ३ नम्बर वडामा नयाँ कार्यसमिति चयन भएको छ । उमसभापतिमा हरिशरण पाठक, सचिवमा सुजन न्यौपाने चयन हुनुभएको छ । सदस्यमा चण्डिका न्यौपाने, कविराज पाठक, सरिना सिलवाल, शम्सेर मोक्तान, विकास उप्रेती, निर्मला राई, रञ्जना बर्तौला र पूर्णबहादुर सिलवाल चयन हुनुभएको छ । सल्लाहकारमा नारायण ढुङ्गाना, कृष्णहरि बर्तौला, भक्तबहादुर थापा, हरिकृष्ण लामिछाने र देवेन्द्र बर्तौला रहनुभएको छ ।

यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वप्रा) मकवानपुरले हेटौंडा अस्पताल परिसरमा वृक्षरोपण गरेको छ । शुक्रबार पार्टीको स्थापना दिवसको अवसरमा देशव्यापी सुरु सप्ताहव्यापी कार्यक्रम अन्तर्गत अस्पताल परिसरमा वृक्षरोपण गरिरएको रास्वपा मकवानपुरका सभापति भरत पराजुलीले बताउनुभयो ।

अस्पताल परिसरमा अक्सिजन बढी प्रदान गर्ने कपुरको बिरुवा रोपिएको सभापति पराजुलीले बताउनुभयो । सप्ताहव्यापी कार्यक्रम अन्तर्गत आज आइतबार हेटौँडा अस्पताल परिसरमा सरसफाइ गर्ने, सोमबार पार्टीभित्र अन्तरक्रिया गर्ने र मंगलबार बुद्धचोकमा रक्तदान कार्यक्रमको आयोजना गरिने उहाँले बताउनुभयो ।


## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौँडा रिफरेन्स ल्यावरोटरी,**
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


# बालबालिकाको सुन्दर सपनामा अभिभावकका असल व्यवहार



**अञ्जली भण्डारी**
**मनहरी गाउँपालिका-६, सुनाचुरी**

मेरो नाम अञ्जली भण्डारी हो । मेरो श्रीमान् कामको सिलसिलामा विदेश जानु भएको छ । मेरो दुईवटा नानीबावुहरु छन् र म मनहरी गाउँपालिका-६, सुनाचुरीमा बसोबास गर्दछु । प्लान इन्टरनेशनल नेपाल र एकीकृत ग्रामीण विकास सेवा मकवानपुरद्वारा सञ्चालित बालबालिकाको सपना परियोजनाको विभिन्न कार्यक्रमहरुमा नियमित रुपमा सहभागी हुँदै आइरहेको छु । यो कार्यक्रम मलाई र मेरो बालबालिकाका लागि एकदमै महत्वपूर्ण रहेकोले म जहिले पनि बैठकमा सहभागी हुन्छु ।

बैठकहरुबाट मैले धेरै कुराहरु सिकेकी छु । यो कार्यक्रममा सहभागी हुनु भन्दा अगाडि मलाई बालबालिकाको मस्तिष्कको विकास गर्भमा हुँदा ३० प्रतिशतसम्म, २ वर्षको हुँदा ८० प्रतिशतसम्म हुन्छ । गर्भ रहेको ४ महिनादेखि बालबालिकाले हामीले बोलेको कुराहरु सुन्ने गर्छन् भन्ने थाहा थिएन । बैठकमा सहभागी भएपछि बालबालिकालाई गाली गर्न नहुने, पिट्न नहुने, सम्झाउनु पर्ने, खेलाउनु पर्ने, गीत, कथा सुनाउनु पर्ने र ६ महिनासम्म पूर्णरुपमा स्तनपान गराउनु पर्ने जस्ता कुराहरुको बारेमा थाहा पाएँ ।

बालबालिकालाई हुर्काउने बेलामा आमा मात्र नभई बुवाको पनि उत्तिकै जिम्मेवारी हुने रहेछ र बुबाले सहयोग गर्दा धेरै फाइदा हुने रहेछ भन्ने थाहा पाएँ । मेरो श्रीमान् बिगत डेढ वर्षदेखि देश बाहिर हुनुहुन्छ । मैले यसबाट सिकेका कुराहरु श्रीमान्लाई टेलिफोनमार्फत भनेँ र अझ उहाँको फुर्सद हुनासाथ भिडियो कल गर्नु हुन्छ र नानीलाई जिस्काउने, कुराहरु गर्नु हुन्छ । जसले गर्दा नानी एकदम खुशी हुन्छिन् र निकट सम्बन्धको स्थापना भइरहेको छ ।

समग्रमा भन्नु पर्दा मलाई यो कार्यक्रम एकदमै मन परेको छ । यो कार्यक्रमलाई म र म जस्तै अभिभावकलाई जिम्मेवार अभिभावक बन्न प्रेरित गरेको छ । हाम्रो परिवारलाई जिम्मेवार र सुखी परिवार बनाउन सहयोग गरेको छ । यस्ता कार्यक्रमहरु सधैं सञ्चालन भइरहनु पर्छ र यसले गर्दा हाम्रो समाजमा बालबालिकालाई गाली गर्ने क्रियाकलापमा पनि कमि आएको छ साथै बालबालिकाप्रति अभिभावक अझै सतर्क हुनु भएको छ । यति राम्रो कार्यक्रम ल्याइदिनु भएकोमा प्लान इन्टरनेशनल नेपाल र एकीकृत ग्रामीण विकास सेवालाई विशेष धन्यवाद दिन चाहान्छु ।

# दूरसञ्चार सेवाको वर्तमान अवस्थाबारे छलफल

समाज संवाददाता

हेटौँडाः नेपाल दूरसञ्चार प्राधिकरण हेटौँडाको आयोजनामा शनिबार हेटौँडामा दूरसञ्चारसँग सम्बन्धित कानुन र समग्र दूरसञ्चार सेवाको वर्तमान अवस्थाबारे सेवाप्रदायकहरु र सरोकारवालाबीच छलफल तथा अन्तरक्रिया कार्यक्रम भएको छ । प्राधिकरणका उपनिर्देशक रेवतीराम पन्तको सभाध्यक्ष तथा बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

मन्त्री श्रेष्ठले सञ्चार मानवअधिकार भित्र परिभाषित गरेको अवस्थामा सूचना प्रविधिको विकास गरी जनताको पहुँचमा पु¥याउन सरकारले गम्भीरतापूर्वक लागिरहेको बताउनुभयो । २१ औं शताब्दीमा सञ्चार सेवाबाट जनता विमुख भएका छन् । जसले गर्दा २०८०/०८१ भित्र प्रदेशलाई प्रविधिमैत्री बनाउन चाहिने आधार निर्माण गर्दै जाने प्रतिबद्धता जनाउनुभयो । सञ्चार र प्रविधिलगायतलाई विकास गर्ने आधार कानुन निर्माण गर्दै जाने उहाँको प्रतिबद्धता छ ।

नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले सिमकार्डको संख्या बढिरहेको अवस्थामा के कति सेवा पाइरहेको र उपलब्ध गरिरहेको भन्ने विषयमा ध्यानाकर्षण हुनुपर्ने बताउनुभयो । ताररहित सेवा उपलब्ध गराउनुपर्ने र सञ्चारकर्मीहरुले मोबाइलबाटै समाचार सम्प्रेषण गरिरहेको अवस्थामा सञ्चारकर्मीलाई निःशुल्क र न्यूनतम नेटवर्क सेवा उपलब्ध गराउन आग्रह गर्नुभयो ।

उपनिर्देशक पन्तले दूरसञ्चार ऐन २०५३, प्राधिकरणको काम, कर्तव्य, गुणस्तर निर्धारण र सेवाको स्तर तोक्ने, निरीक्षण जाँचबुझ, चुनौती, समस्या र समाधानबारे सहजीकरण गर्नुभयो । आशीष मिडिया नेटवर्कको व्यवस्थापनमा भएको कार्यक्रममा जिल्ला वार एसोसिएसनको अध्यक्ष अप्सरा बस्नेतको आतिथ्य रहेको थियो ।


## स्वादिष्ट नेवारी खाजा



अब

होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

# देवराज खरेलको मुक्तक संग्रह विमोचन



समाज संवाददाता

हेटौंडाः मुक्तक मञ्च मकवानपुरको आयोजना तथा गजल मञ्च मकवानपुरको समन्वयमा मुक्तककार देवराज खरेलको मुक्तक संग्रह विमोचन गरिएको छ । शनिबार साहित्यकारहरुको जमघटमा एक कार्यक्रम गरेर खरेलको मुक्तक संग्रह अकिञ्चनका आर्तहरु विमोचन गरिएको हो ।

मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्षमा खरेलको ५ औं कृति अकिञ्चनका आर्तहरु विमोचन गरिएको छ । यो कृति खरेलका दोस्रो मुक्तक संग्रह हो ।

खरेल निबन्धकार, कवि, हाम्रो मातृभूमि साहित्यिक त्रैमासिक पत्रिकाको सम्पादक तथा प्रकाशकसमेत हुनुहुन्छ । खरेलका आत्मध्वनि (कविता संग्रह)–२०६५, स्मृतिका टिपोट (निबन्ध संग्रह)२०६८, प्रेमका पाइलाहरु (मुक्तक संग्रह)–२०७० र जिन्दगीदेखि जिन्दगीसम्म (निबन्ध संग्रह)–२०७८ कृति प्रकाशित भइसकेको छ ।

एक सय वटा मुक्तक संग्रह समेटिएको विमोचन गरिएको कृति अंग्रेजी भाषामा समेत अनुवाद गरिएको छ। सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले भाषागत त्रृटि सच्याउनुभएको उक्त कृति डा. लोकराज शर्माले अंग्रेजी भाषामा अनुवाद गर्नुभएको छ ।

मुक्तककार तथा समीक्षक विश्वनाथ सञ्जेलले विमोचित कृतिको समीक्षा गर्नुभएको थियो । विषयगत विविधता र भाव मुक्तकले झल्काएको उहाँले बताउनुभयो । सूक्ष्म भावमा ध्यान पुग्दैन तर, मुक्तककार खरेलले सूक्ष्म भावमा केन्द्रित रहेर मुक्तक लेखेको बताउनुभयो। हालसम्म प्रकाशित कृतिहरुमध्ये अन्य कृतिजस्तै खरेलको उक्त कृति मुक्तक संग्रह चोटिलो र छरितो पाएको बताउनुभयो ।

जीवनको उज्यालो माध्यम खोज्ने र उज्यालो जीवन खोज्न सहजता मुक्तकले दिने उहाँको धारणा छ। मुक्तककारहरुले चतुर्थ रुवाइलाई पन्छाएको पाउँछौं भन्दै सञ्जेलले खरेलले पनि उक्त रुवाइलाई पन्छाएको बताउनुभयो। आशावादी, चिन्ता, शृङ्गारिक, विभेद, वैदेशिक पीडा मुक्तकको सबल पक्ष रहेको छ। जसले एउटै संग्रहभित्र फरकफरक स्वाद पस्किएको बताउनुभयो ।

मुक्तकको अनुसन्धान र अध्ययन गर्नेहरु कठोर हुने र विभिन्न कार्यक्रममा बाक्लै उपस्थिति पनि हुने उहाँले बताउनुभयो । जसको वाचन शैलीले चटनीको स्वाद लिएन भने मुक्तकले पनि चटनीको स्वाद लिन पाउँदैन। सुन्दर ढंगले प्रस्तुत गरिए पनि कतिपय मुक्तक जटिल पनि रहेको उहाँले उल्लेख गर्नुभयो ।

समीक्षक सञ्जेलले आफूले नेपाली भाषाका मुक्तकमात्र समीक्षा गर्ने भएकाले अंग्रेजी भाषाको स्वादको भने अनुभूति गर्न नपाएको बताउनुभयो । उहाँले नेपाली र अंग्रेजी दुबै मुक्तकको समीक्षा हुनुपर्ने धारणा राख्नुभयो।

मुक्तक मञ्चका सल्लाहकार दीपक गौतमले मुक्तक सरल रहेको बताउनुभयो। सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले यो यात्रालाई निरन्तरता दिन आग्रह गर्नुभयो। आफूले भाषागतरुपमा शुद्धाशुद्धी हेर्ने जिम्मेवारी पाएको पनि बताउनुभयो । कार्यक्रममा हेटौंडा–५ का वडा सदस्य ज्ञानबहादुर थापा, खरेलकी सुपुत्री प्रमिता शर्मा, साहित्यकारहरु माधव पोखरेल, केशव समर्पणलगायतको उपस्थिति थियो ।

खरेलले उज्यालो यात्रामा सहयोगका लागि आभार प्रकट गर्नुभयो । जीवनका कथा, व्यथा र भोगाइलाई प्रस्तुत गरिएको र प्रतिक्रियाको अपेक्षा पाठकबाट गर्नुभयो।

# विजय यूथ गोल्डकप असार ५ गतेदेखि

समाज संवाददाता

हेटौंडाः असार ५ गतेदेखि दोस्रो विजय यूथ गोल्डकप फुटबल प्रतियोगिता हुने भएको छ। शनिबार पत्रकार सम्मेलन गर्दै विजय यूथ क्लबको आयोजनामा प्रतियोगिता हुन लागेको जानकारी गराएको छ।

फुटबल प्रतियोगितामा हेटौंडा फुटबल एकेडेमी, विजय यूथ क्लब, हटिया भेट्रान्स क्लब, ढल्केजोवन एफसी, रिगल हेटौंडा रिसोर्ट मकवानपुर, नागस्वती एफसी, पदमपोखरी युनाइटेड, हर्नामाडी यूथ क्लब, एफसी विजय यूथ, अग्रसर यूथ क्लब, समाज कल्याण एफसी, बागमती प्रदेश प्रहरी गण, चाइना पब्लिक यूथ क्लब, चौकीटोल यूथ क्लब, पशुपति युवा क्लब, हेटौंडा फुटबल एकेडेमी ए गरी १६ वटा टिमको सहभागिता रहनेछ।

उद्घाटन खेल एफसी विजय युथ र अग्रसर यूथ क्लबबीच हुनेछ । प्रतियोगितामा उपाधि विजेता टिमले २ लाख रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले १ लाख रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने विजय यूथ क्लबका अध्यक्ष सुदिप राजबाहकले जानकारी दिनुभएको छ।

प्रतियोगिता आयोजनाका लागि १३ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगिता हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुनेछ।

# प्रदेशको बजेटप्रति हेटौँडाका वडाअध्यक्षहरुको आपत्ति




वडा अध्यक्षहरु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले शुक्रबार सार्वजनिक गरेको बजेटप्रति हेटौंडा उपमहानगरपालिकाका वडा अध्यक्षहरुले आपत्ति जनाएका छन् । प्रदेशको राजधानी भएको उपमहानगरकै वडाहरुलाई उपेक्षा गरेर बजेटमा कुनै पनि कार्यक्रम नसमेटिएको भन्दै उनीहरुले शनिबार पत्रकार सम्मेलन नै गरेर आपत्ति जनाएका छन्।

प्रदेशसभा सचिवालय नै भएको १० नम्बर वडा अध्यक्ष फूर्वा दोर्जे लामाले प्रदेश सरकारले नियतबस बजेट नराखेको दावी गर्नुभयो । प्रदेश सभा सचिवालय, मन्त्रालय, प्रतिष्ठान भएको वडाका लागि भनेर बजेटले कुनै पनि सम्बोधन नगर्नु आश्चर्यको विषय भएको उल्लेख गर्नुहुँदै वडाअध्यक्ष लामाले भन्नुभयो, "यसरी राजधानी भएको पालिकाको वडालाई नै बजेट नछुट्याउनुले प्रदेशको राजधानी नै सार्ने षड्यन्त्र पो भयो कि भन्ने आशंका भएको छ ।" बजेटले सम्बोधन गर्न नसकेको भन्दै वडाअध्यक्षहरुले आन्दोलन नै गर्ने चेतावनी समेत दिएका छन्।

हेटौँडा-१९ का वडाअध्यक्ष नरनाथ सुवेदीले २ लाख रुपैयाँसम्मका खुद्रे योजना बाँड्ने प्रदेश सरकारले प्रदेशकै राजधानी भएको पालिकालाई बजेट नराख्नु गलत भएको बताउनुभयो । "पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१९ मा ग्रीनपार्क, सार्वजनिक शौचालयहरु सञ्चालनमा छन्। हेटौँडा-१९ हुँदै राष्ट्रिय राजमार्ग र कैलाश गाउँपालिकाबीच सहज पहुँचका लागि सडक निर्माणका लागि पनि प्रदेश सरकारले बजेट उपलब्ध गराउने अपेक्षा गरेको थिएँ", वडाअध्यक्ष सुवेदीले भन्नुभयो, "प्रस्ताव गरिएका कुनै पनि योजनालाई समावेश नगर्नु आपत्तिको विषय हो ।"

हेटौँडा उपमहानगरका वडालाई बजेट विनियोजन नगरेको विषयमा उपमहानगरले नै आधिकारिक धारणा राख्नुपर्ने विषयमा वडा अध्यक्षहरुले नगर प्रमुख र उपप्रमुखलाई जानकारी गराइसकेको १४ नम्बर वडाअध्यक्ष दीपक खड्काले जानकारी दिनुभएको छ। पत्रकार सम्मेलनमा ५ नम्बर वडाअध्यक्ष सुशील घिमिरेले प्रदेश खेलकुद प्रतियोगिताको आयोजना गरिएको पिप्ले-क्याम्पा रंगशालाका लागि ३० लाख रुपैयाँ मात्रै बजेट विनियोजन गरिएको भन्दै दुख व्यक्त गर्नुभयो । पत्रकार सम्मेलनमा ११ नम्बर वडाअध्यक्ष जुना दाहाल, १३ नम्बर वडा अध्यक्ष पेम्बा लामा, १५ नम्बर वडा अध्यक्ष सुनिल मोक्तानको पनि उपस्थिति रहेको थियो । पत्रकार सम्मेलनमा एमालेबाट निर्वाचित वडा अध्यक्षहरु मात्रै सहभागी थिए ।

# ढिलासुस्ती गरेर जनतालाई दुःख दिने छुट छैनः अध्यक्ष घलान

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले पालिकाभित्र निर्माणाधीन कार्यमा ढिलासुस्ती गरेर जनतालाई दुःख दिन छुट नदिने बताउनुभएको छ । कुनै पनि कार्य समयाबधिभित्र गर्नुपर्ने भन्दै उहाँले निर्माणस्थलहरुमा अनुगमनलाई तिब्रता दिनुभएको हो ।

अध्यक्ष घलानले पालिकामा सुशासन कायम गर्दै समृद्धि ल्याउन आफू चौबीस घण्टा खटेर पहरेदारको भूमिका निभाइर हेको बताउनुभयो । उहाँले भन्नुभयो– 'यो पालिकामा काम गर्नका लागि कसैले १ कप चिया पनि खुवाउन पर्दैन । तर काम लिइसकेपछि समयाबधिभित्र सक्नुपर्ने र गुणस्तरियता कायम गर्नुपर्ने कुरामा भने कुनैपनि हालतमा छुट हुनेछैन ।'

पूर्वी मकवानपुरको राईगाउँमा सडक निर्माण कार्यमा ढिलासुस्ती र सडकको मापदण्डअनुरुप प्रयोग गर्नुपर्ने सामग्रीको प्रयोग नभएको सूचना पाएलगत्तै अध्यक्ष घलानको नेतृत्वमा प्राविधिक र सडकको कर्मचारी सडक निर्माणस्थलमा अनुगमन गर्न पुगेका छन् । अनुगमन गर्दै अध्यक्ष घलानले समयमै काम सम्पन्न गर्न निर्माण व्यवसायीलाई निर्देशन दिनुभयो । निर्माण कार्यमा कुनै किसिमको तलमाथि गरिएको थाहा पाएमा कानुनअनुसार अघि बढ्नुपर्ने दिन आउन सक्छ भन्दै उहाँले सतर्क भई मापदण्डअनुरुप काम गर्नसमेत निर्माण व्यवसायीलाई सुझाव दिनुभयो ।

बागमती गाउँपालिकाका कार्यकारी अधिकृत झम्कनारायण घलानले कर्मचारीहरुलाई ८ घण्टामात्र काम गर्ने छुट नभएको बताउनुभएको छ । उहाँले प्राविधिक एवम् कर्मचारीले आवश्यक्ताअनुसार काम गर्नुपर्ने हुनाले ८ घण्टामात्र गर्छु भन्न नमिल्ने बताउनुभएको हो। अधिकृत घलानले पालिकामा अध्यक्ष आफैं पनि श्रमदानमा खट्ने र कर्मचारीलाई पनि अतिरिक्त समयमा काम गर्न आग्रह गर्नुभएको हुनाले कर्मचारीहरुले अध्यक्षको लगाब र भावनाअनुरुप कार्य गरिहरेको बताउनुभयो। कृषि प्राविधिक र भूमिसम्बन्धी काम गर्ने कर्मचारीहरु बिहान ७ बजेदेखि नै वडाहरुमा खटिइरहेको उहाँले जनाउनुभयो । वडावडामा खटिएका कर्मचारीहरुको हाजिरी विवरण वडाहरुमा नै कायम गरिएको उहाँले जानकारी दिनुभयो ।

# आश्रमलाई सहयोग

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश युवा परिषद् स्थापना दिवसको अवसरमा शुक्रबार प्रदेश युवा परिषद्ले हेटौंडा-२ स्थित ओम वृद्धाश्रमलाई सहयोग गरेको छ । परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले आश्रमलाई दुई बोरा चामल, १० केजी दाल, १ काटुन तेल, १० केजी नुन सहयोग गर्नुभएको छ ।

आश्रममा दैनिक सहयोगी उपस्थित हुने गरेको आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले जानकारी दिनुभएको छ ।

# ११ किलो लागुऔषध गाँजा बरामद

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१०, बसपार्कबाट ११ किलोग्राम लागुऔषध गाँजा फेला पारेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बिहिबार बिहान ६ बजेको समयमा प्रहरीले बसपार्क टिकट काउन्टरको छेउमा बेवारिसे अवस्थामा रहेको कालो झोलाबाट लागुऔषध गाँजा फेला हो ।

प्रहरी टोलीले झोला भित्र १० किलो ८ सय ग्राम गाँजा फेला पारेको जनाएको छ। लागुऔषध गाँजा कसले राखेको भन्ने नखुलेको र थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# उपभोक्ता मञ्चमा अधिकारी

समाज संवाददाता

हेटौंडाः उपभोक्ता मञ्च मकवानपुर अध्यक्षमा सुनिल अधिकारी चयन हुनुभएको छ । शनिबार हेटौंडामा भएको मञ्चको जिल्ला अधिवेशनले अधिकारीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो । मञ्चको उपाध्यक्षमा श्रीकृष्ण कर्माचार्य, सचिव विजय कार्की र गंगाप्रसाद पौडेल, कोषाध्यक्ष सुधिर दाहाल तथा सदस्यमा मिनु अग्रवाल, भूपेन्द्र अधिकारी, भवनाथ अधिकारी, श्यामलाल दुलाल, शकुन्तला ब्लोन, इश्वरी सिंह ठकुरी, लक्ष्मी श्रेष्ठ र श्रवण सुनार रहेका छन् ।

उपभोक्ता मञ्च मकवानपुरका अध्यक्ष कुमार पौडेलको अध्यक्षतामा अधिवेशन भएको हो । अध्यक्षमा चयन भएका अधिकारीले उपभोक्ताको हितमा काम गर्ने प्रतिबद्धता जनाउनुभएको छ । व्यापार व्यवसायमा आवद्ध भएकाहरुले उपभोक्ताको अधिकारलाई पनि ध्यान दिनुपर्ने उहाँको भनाइ थियो ।

संस्थागत एवम् उपभोक्ताको हितमा योजनाबद्ध रुपमा अघि बढ्ने अध्यक्ष अधिकारीले प्रतिबद्धता व्यक्त गर्नुभएको छ । जिल्ला अधिवेशनसँगै शनिबार उपभोक्ता मञ्चको केन्द्रीय महाधिवेशन समेत हेटौंडामा भएको थियो । महाधिवेशनबाट मकवानपुरका निवर्तमान अध्यक्ष कुमार पौडेल केन्द्रीय उपाध्यक्ष चयन हुनुभएको छ ।

# ४३ जनाले रक्तदान गरे




रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा-८, कमानेमा शनिबार बिहान भएको रक्तदान कार्यक्रममा ४३ जनाले रक्तदान गरेका छन् । स्थानीय सांगीतिक समूह अस्तित्व व्याण्डले ईन्द्र बहादुर थिङको स्मृतिमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग गरेको हो । रक्तदान कार्यक्रम वडा अध्यक्ष रामकृष्ण थापाको प्रमुख आतिथ्यतामा भएको हो ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

हेटौंडा कृषि बजार
हेटौंडा-४, मेनरोड
सूचना सूचना सूचना
यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।




**सेवाहरु**
- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने ।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

**सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९**



स्टल सिमित छ ।

